**संघीय संसद**
**प्रतिनिधि सभा**
**शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**
**२०८१ चैत १० गते आइतबार**
**बैठक संख्याः ११०**

**छलफल तथा निर्णय**

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० का सम्बन्धमा दफावार छलफल गर्न समितिका माननीय सभापति अम्मर बहादुर थापाज्यूको सभापतित्वमा बसेको समितिको आजको बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, समितिका माननीय सदस्यहरु, मन्त्रालयका सचिव, तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिको उपस्थिती रहेको थियो । दफा २१ देखि दफा २७ सम्मका दफाहरु माथि दफावार छलफल भयो।

**निर्णय**

१. विधेयकको दफा २१ देखि २७ सम्मका दफाहरु परिमार्जन सहित पारित गर्ने

२. विधेयकका सहकूलपति, सभाको अध्यक्षता तथा सभामा सदस्यको थप सम्बन्धमा देहाय वमोजिम गर्नेः

- शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० मा कुलपति प्रधानमन्त्री रहने र सहकुलपति नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्री र स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्री गरी दुई जना सहकुलपति रहने।
- विश्वविद्यालयको सभाको अध्यक्षता नेपाल सरकारको शिक्षा हेर्ने सहकुलपतिले गर्ने।
- शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको सभामा सो विश्वविद्यालय रहेको निर्वाचनबाट क्षेत्रबाट प्रतनिधि सभामा निर्वाचित सदस्य पदेन सदस्यको रुपमा रहने र सो प्रदेशभित्रका संघीय संसद सदस्यहरु मध्ये सभाले एक जना सदस्यलाई मनोनयन गर्ने ।

३. समितिको अर्को बैठक २०८१ चैत्र ११ गते विहान ११:३० बजे बस्ने ।

.............................
दशरथ धमला
समिति सचिव

.............................
अम्मर बहादुर थापा
सभापति